# बोडा बोडा युबक र मिस्टर मेन्सा

**– बद्री पौडेल**

दुबई अन्तर्राष्ट्रिय विमानस्थलमा एमिरेट्सको विमान भित्र म उड्ने प्रतिक्षामा थिएँ । उड्ने केही समय मात्र बाँकी रहँदा लगभग ५० बर्षको कालो सुट लगाएको अफ्रिकी मूलको व्यक्ति एक हातमा ब्रिफकेश र अर्को हातमा ड्यूटी फ्रि झोला बोकेर हतार हतार गर्दै म बसेको सिट नजिकै आइपुग्यो । उसले आफ्नो बोर्डिङ्ग पास हेर्‍यो अनि मेरो सिट यही रहेछ भन्दै म संगैको सिटमा बस्यो । सिटमा बसिसकेपछि अग्रेजीमा “हेल्लो ! मेरो नाम जोंन मेन्सा हो” भन्दै मसङ्ग हात मिलायो । मैले पनि आँफ्नो परिचय दिएँ । एकै छिनमा एउटी चिटिक्क परेकी चिनिया मूलकी परिचारिकाले सर ! तपाईंको कोट म झुन्ड्याइदिन्छु भन्दै उसको कोट लिएर गई । गर्मीको मौसम त्यसमा पनि न्यू योर्कदेखिको लामो यात्रामा निस्केकाले म सामान्य पोशाकमा थिएँ । आँफू संगैको सिटमा सुटेडबुटेड मान्छे देख्ता कतै मैले बिजिनेस क्लास सिटको अपहेलना त गरिन जस्तो लाग्यो । यसो नियालेर हेर्दा क्याबिनमा धेरै जसो यात्रुलाई आँफू जस्तै साधारण पोशाकमा देखें । त्यसैले केही हीनता बोध भएन । एकै छिनमा जहाज पूर्वी अफ्रिकी देश युगान्डाको एन्टेबेको लागि उड्यो ।

जहाजले उचाइ लिएपछि जोंनसङ्ग मेरो कुरा हुन थाल्यो । कुरा गर्दै जाँदा के थाहा भयो भने जोंन युगान्डाको राजधानी कम्पालामा बस्ने प्रसिद्ध व्यवसायी रहेछ । आफ्नै व्यवसायको सिलसिलामा ऊ अहिले लण्डन र दुबईको भ्रमण गरेर फर्कदै रहेछ । उसले कफी उत्पादन तथा निर्यात समेत गर्ने रहेछ । त्यसको अतिरिक्त उसका कम्पालामा ठूल्ठूला शपिंग मलहरु रहेछन । हालसालै उसले कम्पाला र एन्टेबेको बीचमा एउटा ठूलो व्यवसायिक कम्प्लेक्स विकास गरेको रहेछ जसमा पर्यटकीय रिसोर्ट, सभा कक्षहरु र शपिंग मलहरु रहेछन । उसका संगै पढ्ने साथीहरु धेरै जसो वेलायत र अमेरिकामा भए पनि ऊ चाँहि आफ्नै देशमा केही गरौं भनी युगान्डामै बसेको रहेछ । “हाम्रो देशमा के छैन ? यस्तो उर्बरा जमिन, भिक्टोरिया जस्तो ताल, राम्रो मौसम, प्राकृतिक सम्पदा र सुन्दरता, कमी छ त केवल सोचाई र मेहेनतको” ऊ भन्दै थियो ।

यस्तैमा सरहरु के ड्रिङ्क लिनुहुन्छ ? भनेर विमान परिचारिकाले झस्काइन् । मैले रातो वाइन मागें । जोंनले मेरो आँफ्नै ड्रिङ्क छ भन्दै खाली गिलासमा बरफ मात्र माग्यो अनि डिउटी फ्रि झोलाबाट २०० मिलीलिटरको जोनी वाकर ब्लु लेबल ह्विस्की खोलेर पिउन थाल्यो । “एमिरेट्सको सेवा धेरै राम्रो छ तर मलाई मन पर्ने ब्लू लेबल यिनीहरुले प्रथम श्रेणीमा यात्रा गर्दा पनि दिँदैनन” जोंनको भनाइ थियो । आफ्नो भ्रमण सफल भएर घर फर्केकोमा ऊ खुशी देखिन्थ्यो । उसले मलाई पनि ह्विस्की पिउने कि भनेर सोध्यो । मैले धन्यवाद भन्दै लिन मानिनँ । एकै छिनमा खाना पनि आइपुग्यो ।

खाना खाँदै गर्दा मैले जोंनसंग युगान्डाको बारेमा जान्ने कोशिस गरें । भूपरिवेष्ठित देश युगान्डा सन् १९६२ मा बेलायतबाट स्वतन्त्र भएको रहेछ । सन् १९७१ मा सैनिक कु वाट सत्तामा आएदेखि १९७९ सम्म युगान्डामा दादा इदी अमिनले शासन गरेका रहेछन् । आफ्नो शासन कालमा इदी अमिन आफ्नै कर्तुतले गर्दा निकै कुख्यात बनेका रहेछन् । सन १९७२ मा उनले ९० दिनको समय दिएर युगान्डामा वर्षौंदेखि बस्तै आएका ८०,००० भारतीय मूलका वासिन्दाहरुलाई देश निकाला गरेका रहेछन् । यसो गर्न सपनामा उनलाई भगवानले अह्राएको भन्ने अमिनको भनाइ थियो रे । उनले आँफूले आँफैलाई धेरै पदक र पदवीहरुले सम्मान गरेर संसारको सबभन्दा शक्तिशाली व्यक्ति घोषित गरे पनि १९७९ को तान्जानियासंगको लडाइँमा हारेपछि देशवाट भागेर पहिला लिबिया र त्यसपछि साउदी अरेबियामा शरण लिएका रहेछन् र सन् २००३ मा उनको देहान्त भएको रहेछ ।

युगान्डामा हाल राष्ट्रपतीय प्रणालीको गणतन्त्र भए पनि यसभित्र ७ अधिराज्य र हरेक अधिराज्यका आफ्नै राजा रहेछन् । गणतन्त्रभित्र राजतन्त्र ! मैले आश्चर्य मानेको देखेर जोंनले भन्यो, “यी राजाहरु कुनै राजनैतिक र अधिकारयुक्त राजा नभएर सांस्कृतिक राजा मात्र हुन ।” धेरै जसो अफ्रिकी देशमा युद्ध र अशान्ति देखिन्छ । के युगान्डामा शान्ति छ ? भन्ने मेरो प्रश्नमा जोंनले भन्यो, “पहिला उत्तरी युगान्डामा एउटा सानो धार्मिक सशस्त्र समूह सक्रिय थियो, हाल त्यो समूह कङ्गो र सुडानमा यदा कदा चर्चामा आउँछ तर युगान्डामा त्यसको खासै अस्तित्व छैन, त्यसैले शान्ति छ । युगान्डा अफ्रिकाको मोतिको रुपमा चिनिन्छ र म चाहन्छु यो सधैं मोति नै रहिरहोस् ।”

कुरा गर्दै जाँदा विमान अबतरण गर्ने बेला पनि भइसकेको पत्तै भएन । एन्टेबे विमानस्थल नजिकै रहेको एउटा पुरानो भवनलाई विमानको झ्यालबाट देखाउदै जोंनले भन्यो, “त्यही हो त्यो भबन जहाँबाट एअर फ्रान्सको विमान अपहरण गरी प्यालेस्टिनीहरुले एक हप्ता बन्धक बनाएका येहुदी यात्रुहरुलाई इजरायेलीहरुले ४ जुलाई १९७६ मा उद्धार गरेका थिए ।” त्यसपछि ! तपाईं केही समय एन्टेबेमा बस्नुहुने रहेछ, कम्पालालाई एक घण्टा पनि लाग्दैन, फुर्सदमा फोन गर्नुहोला भन्दै जोंनले आफ्नो कार्ड मलाई दियो । विमान अवतरण गरेपछि हामीहरु दुवै टर्मिर्नल तर्फ लाग्यौं । टर्मिर्नल भवनमा ठूल्ठूला अक्षरमा अफ्रिकाको मोतिमा तपाईंलाई स्वागत छ भनेर अङ्ग्रेजीमा लेखिएको थियो । भवनबाट बाहिर निस्कदा मिस्टर जोंन मेंसालाई लिन उसको ड्राइभर आएको रहेछ । म पनि ट्याक्सी लिएर पहिल्यै बुक गरेको होटेल भिक्टोरिया तिर लागेँ ।

बिहान हिँड्ने बानी भएकोले भोलिपल्ट म सबेरै उठेर हिँड्न निस्केको थिएँ । होटेलबाट बाहिर निस्कदा होटेलको ढोका बाहिर सडकमा तिन/चार जना युवाहरु आ-आफ्ना मोटर साइकलमा बसिरहेका थिए । मलाई देखेर उनीहरुले केही सोधे जस्तो लाग्यो । पर्यटक ठग्ने युवाहरु होलान् भन्ने बिचारले केही वास्ता नगरी म आफ्नो बाटो लागेँ । अलि पर पुग्दा विपरीत दिशाबाट आएको एउटा मोटर साइकल चालक बोडा बोडा भन्दै नजिकै आएर रोकियो । उसले आफ्नो भाषामा अभिवादन गरेको होला भन्ने ठानी “हाई !” भन्दै म अगाडि लागेँ । १० मिनट के हिँडेको थिएँ फेरी त्यसै गरी अर्को मोटर चालकले बोडा बोडा भन्दै मोटर साइकल सुस्त गतिमा मेरो नजिक ल्याएर रोक्यो । उसको चालबाट मलाई लाग्यो ऊ कि त मलाई केही अबैध चिज बेच्न खोज्दैछ कि त कुनै अबैध ठाउँमा लान खोजिरहेछ । यस्तोमा फस्नुहुन्न भन्ने ठानी “नो” भन्दै मैले हिँड्ने क्रम जारी राखेँ ।

मेरो एक घन्टाको हिँडाइमा कम्तिमा पनि १० जना मोटर साइकल चालक मलाई बोडा बोडा भन्दै छेउबाट गुज्रे होलान् । तिनको कुनै वास्ता नगरी म सरासर होटेल तर्फ लागेँ । नुहाएर बिहानको खाना खान म रेस्टुरेन्ट तिर गएँ । रेस्टुरेन्ट ग्राहकहरुले टन्न भरिएको थियो । कुनै टेबुल खालि थिएन । प्लेटमा खाना लिएर एक जना मात्रै भएको टेबुलमा गएर बसें । सगै बस्ने व्यक्ति एउटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासङ्ग आबद्ध रहेछ र कामको सिलसिलामा धेरै पटक युगान्डा आउने जाने गर्ने रहेछ । मेरो कानमा अझै पनि बोडा बोडा शब्द गुञ्जिरहेकोले मैले उसलाई बिहानको घटना बताउँदै बोडा बोडा को अर्थ सोधें । ऊ मुसुक्क हाँसेर भन्यो ? तिमी पक्कै पनि पहिलो पल्ट युगान्डा आएको हुनुपर्छ । बोडा बोडा भनेको यहाँको मोटर साइकल ट्याक्सी हो ? । एउटा बोडा बोडा ले पैसा लिएर एकैपल्ट तीन जना सम्म यात्रुलाई शहरभित्र उनीहरुले चाहेको ठाउँमा लैजाने रहेछ । त्यसको अतिरिक्त टी.भी., फ्रिज र स-साना फर्निचरको ढुवानीमा पनि बोडा बोडा को प्रयोग हुने रहेछ । बोडा बोडा नामको आँफ्नै इतिहास रहेछ । सन् १९६० को दशकमा युगान्डा र केन्या सिमाना बीचमा रहेको एक किलोमीटर जति तटस्थ भूमि पार गर्न मोटरहरु लैजान झञ्झटिलो भएकोले साइकलको प्रयोग हुने रहेछ । सिमाना पार गर्न चाहनेहरुलाई साइकल वालाहरुले बोडा बोडा (अङ्ग्रेजीको बोर्डर बोर्डर) भनेर बोलाउने रहेछन् । यसरी नै बोडा बोडा शब्दको उत्पत्ति भएको रहेछ । बोडा बोडा युगान्डामा मात्र नभएर पूर्वी अफ्रिकाका अन्य केही देशहरुमा समेत प्रचलनमा रहेछ ।

अर्को दुई दिन म जे कामको लागि एन्टेबे गएको थिएँ त्यसैको लागि ब्यस्त रहें । तेश्रो दिन शनिबार भएकोले एन्टेबे घुम्ने बिचारले १० बजे बिहान होटल बाहिर के निक्लेको थिएँ । आफ्नो परिचित शब्द बोडा बोडा कानमा गुञ्ज्यो । बोडा बोडा को अनुभब गर्नै पऱ्यो भन्ने मनसायले सङ्गै उभिएको बोडा बोडा युबकलाई अङ्ग्रेजीमा सोधेँ, “एन्टेबे घुमाउन सक्छौ ?” एन्टेबे मात्र किन ? सरले चाहनु हुन्छ भने जिन्जा पनि पुऱ्याएर ल्याउन सक्छु ?” बडो हँसिलो पारामा उसले भन्यो । कहाँ छ जिन्जा ! मेरो कौतुहलता सुनेर बोडा बोडा ले मलाई जिन्जा बारे बतायो । जिन्जा एन्टेबेवाट करिब ११० किलोमिटर को दूरीमा पर्ने युगान्डाको दोश्रो ठूलो व्यपारिक केन्द्र र प्रमुख पर्यटकीय स्थल रहेछ । भिक्टोरिया ताल हुँदै अफ्रिकाका विभिन्न देशहरुमा बहने प्रशिद्ध नाइल नदीको उत्पत्ति जिन्जाबाटै भएको रहेछ । महात्मा गान्धीको अस्तुलाई सन् १९४८ मा संसारका विभिन्न महत्वपुर्ण स्थानमा बिसर्जन गर्ने सिलसिलामा जिन्जामा नाइल नदीको मुहानमा पनि लगेर बिसर्जन गरिएको रहेछ । उक्त स्थानमा गान्धीको स्मृतिमा उनको शालिक सहित बगैंचाको निर्माण गरिएको रहेछ । जिन्जामा हिन्दू तथा बौद्ध मन्दिरहरु पनि रहेछन् । पर्यटकहरु त्यहाँ ऱ्याफ्टिङ र बन्जी जम्प गर्न जाने रहेछन् ।

जिन्जा अरु कुनै दिन जाउँला आजलाई एन्टेबे नै घुमौं भन्दै म उसको बोडा बोडा मा बसें । उसले घुमाउँदै जाँदा मैले उसको बारेमा धेरै जानकारी लिएँ । उसको नाम किंगो इतिमा रहेछ र युगान्डाको विकट पश्चिमी क्षेत्रबाट ८ वर्ष अघि काम खोज्ने सिलसिलामा एन्टेबे आएको रहेछ । आए देखि नै जस्तो बोडा बोडा चलाउने रहेछ । ऊ आफ्नी श्रीमती र ६ बर्षको छोरासंगै भाडाको कोठामा बस्दो रहेछ । श्रीमती एउटा विदेशीको घरमा खाना पकाउने र घर सफा गर्ने रहेछ । छोरा बोर्डिङ्ग स्कूलमा दुई कक्षामा पढ्दो रहेछ । तिमीहरु दुई जनाको कमाइले घरको गुजारा चल्छ त ! भन्ने मेरो प्रश्नको उत्तरमा उसले भन्यो, "अहिले सम्म त चलेकै छ, छोरो ठूलो भएपछि पढाइको खर्च बढ्छ । त्यसपछि भने धौ धौ पर्नेछ तर भगवानले कुनै न कुनै उपाय अवश्य गर्लान अहिलेदेखि त्यसको के चिन्ता गर्नु !"

किंगोले बोडा बोडा लाई राष्ट्रपति भवनको नजिकै ल्याएर रोक्यो र भन्यो, "हाम्रो राष्ट्रपतिका दुईवटा भवनहरु छन् । एउटा कम्पालामा छ अर्को यही हो । राष्ट्रपतिका विदेशी पाहुनाहरु कहिले काही यहीँ भवनमा बस्छन् ।" बाहिरबाट हेर्दा भवन निकै राम्रो देखिन्थ्यो । सुरक्षाको पनि राम्रो व्यवस्था थियो । राष्ट्रपति भवन पछि किंगोले बोडा बोडा लाई भिक्टोरिया लेकतिर लग्यो । लेकको अवलोकन पछि नजिकै रहेको एउटा रेस्टुरामा हामी दुबैले लन्च गऱ्यौं । किंगोले सुरुमा त खान मानेको थिएन तर अलि जोड गरे पछि ऊ खान तयार भयो । रेस्टुराँमा तालबाट निकालेको ताजा तेलापिया माछा पाइने रहेछ । किंगोले त्यहाँको पिरो चटनी, जसलाई "पिले पिले" भनिने रहेछ, मगायो । पिले पिलेसङ्ग ताजा माछा खाएपछि हामीहरु होटलतर्फ गयौं। होटेलमा पुगे पछि किंगोलाई कति पैसा दिउँ भनेर सोधे । उसले आँफै विचार गरेर दिनुस् भन्यो । घडी हेरेको बोडा बोडा लिएको अढाई घण्टा भएको रहेछ । ४०,००० शिलिङ्ग (२० डलर बराबर) दिएँ । किंगो खुसी हुँदै कुनै बेला पनि बोडा बोडा चाहिए फोन गर्नु होला भन्दै आफ्नो सेल फोन नम्बर दिएर गयो ।

भोलिपल्ट आइतबार राति अबेर मात्र मेरो फर्कने फ्लाइट भएकोले दिनभरि फुर्सदै थियो । त्यसैले १० बजेतिर जोंन मेन्सा लाई फोन गरेँ । ऊ परिवार सहित आफ्नो एन्टेबे र कम्पालाको बीचमा पर्ने कम्प्लेक्समा रहेछ । म त्यही रात फर्कने थाहा पाएपछि उसले म गाडी पठाउँछु, तपाईं कम्प्लेक्समा आउनुस् संगै लन्च गरौं, परिवारसङ्ग पनि चिनापर्ची हुन्छ भन्यो । मैले उसको निम्तालाई नकार्न सकिन । १२ बजे तिर विशेष पोशाक लगाएको चालकले कालो चिल्लो मर्सिडिज गाडी लिएर आयो। लगभग ४५ मिनट जतिपछि गाडी जे एंड एम कम्प्लेक्स भित्र छिऱ्यो । अन्दाजी २०० हेक्टरमा बनेको त्यो कम्प्लेक्स मूख्य सडकबाट मोटरमा १५ मिनेट जति भित्र थियो । कम्प्लेक्सको शुरुमै एउटा ठूलो शपिङ्ग मल थियो । मलपछि सुरक्षा गेट पार हुँदै गाडी अगाडि बढ्यो । गाडी गुड्दै गर्दा अगाडि दुई ठूला अग्ला होटल भवनहरु, ठूलो स्वीमिङ्ग पूल, बगैंचा र स-साना कटेजहरु देखिए । धेरै पर हरियो गल्फ खेल्ने चौर देखिन्थ्यो । मेन्सा सरले कम्प्लेक्स देखाएर ल्याउन भन्नु भएको छ भन्दै एक चक्कर लगाएर ड्राइभरले गाडी एउटा कटेजको अगाडि ल्याएर रोक्यो ।

गाडी रोकिना साथ एक जना युवकले गाडीको ढोका खोलेर सम्मानसाथ मलाई कटेजभित्रको बैठक कोठामा लग्यो । बैठककोठा धेरै आकर्षक तरिकाले सजिएको थियो । सबै फर्निर्चरहरु विदेशबाट आयातित जस्ता देखिन्थे । कृपया बस्नुस् म मेन्सा सरलाई खबर गर्छु भन्दै उक्त युबक गयो । एकै छिनमा जे एण्ड एम कम्प्लेक्समा तपाईंलाई स्वागत छ भन्दै जोंन आइपुग्यो र ऊ म संगैको सोफामा बस्यो । यो कम्प्लेक्स अझै निर्माणाधीन नै छ । एउटा विदेशी स्तरको पर्यटकीय रिसोर्ट बनाउने विचारले मैले धेरै खर्च गरेँ । ब्याङ्कमा धेरै ऋण छ । आर्थिक मन्दिले गर्दा पर्यटकहरु छैनन् । जोंनको मुहारमा चिन्तित भाव प्रष्ट देखिन्थ्यो । एकै छिनमा जोंनका श्रीमती र छोरी आए । जोंनले उनीहरुसङ्ग मेरो परिचय गरायो । दुबैको रुप र पहिरनबाटै मैले उनीहरु मेन्सा परिवारका सदस्य हुन् भन्ने अनुमान गरिसकेको थिएँ । श्रीमतीको नाम "मेरी" र छोरीको नाम "जेनी" रहेछ । छोरी एक वर्ष अगाडि मात्र लण्डनबाट एम.बी.ए. गरेर फर्केकी रहिछन् र बाबुको व्यवसायमा सहयोग गर्दिरहिछन् । जोंनको छोरा चाही अमेरिकामा एम.आइ.टी. मा तेश्रो वर्ष इञ्जिनियरिङ्ग पढ्डुदो रहेछ । हामीहरु कुरा गरुन्जेलसम्ममा ताजा भोगटेको जुस आइसकेको थियो । जुस पिएपछि सबैजना लन्च खानको लागि अर्को भवनको रेस्टुरामा गयौं । लन्च खाएपछि लगभग ४ बजेतिर जोंनलाई धन्यबाद दिँदै म आफ्नो होटल फर्कन चाहें । पहिलेकै ड्राइभरले ५ बजेतिर मलाई आँफ्नो होटलमा पुऱ्याइदियो ।

त्यही राति एन्टेबेको भ्रमण सकेर म न्यू योर्कको लागि उडें । बीचमा केही बेर रोकिएर हवाइ जहाज फेर्नु परे पनि न्यू योर्क सम्मको यात्रा लामो र थकाइ लाग्ने थियो । फिर्ती यात्राभरि मेरो मन मष्तिकमा मैले एन्टेबेमा बिताएका दिनहरु गुञ्जिरहे । बोडा बोडा युबक अर्थात “किंगो” र “जोंन मेन्सा” लाई मैले भुल्ने कुरा भएन । किंगो गरीब भए पनि मैले उसलाई खुशी नै देखें । जोंन मेन्सा धनी भए पनि चिन्तित थियो । जे होस् समाजमा आर्थिक हिसाबले त्यति ठूलो अन्तर हुनु राम्रो होइन । जोंन मेन्साभन्दा धनी व्यक्तिहरुको संख्या नगण्य भए पनि किंगोभन्दा कमजोर आर्थिक अवस्था हुनेको संख्या युगान्डामा प्रशस्तै छ । कम आर्थिक अबस्था भएकाहरुको जीवनस्तर उकास्नु र किंगो जस्ता पिछडिएका जनजातिहरुलाई राज्यका विभिन्न निकाय तथा मूल प्रवाहमा समावेश गराउनु पर्दछ । तर त्यसो गर्ने क्रममा कतै भएको शान्ति खलबल नहोस् । निर्दोष र निरपराध नागरिकले ज्यान गुमाउन नपरोस् । सिंगो एउटा राष्ट्र ७ वा त्यो भन्दा बढी टुक्रामा बिभाजित नहोस् भन्ने बारे सरकार, जनता, राजनैतिक दलहरु सबैले समयमै बुद्धि पुर्‍याएर अघि बढे कति राम्रो हुन्थ्यो होला ! म आँफै पनि द्वन्द्वबाट गुज्रिरहेको देशको नागरिक भएको र विभिन्न द्वन्द्वबाट गुज्रेका देश र असफल राष्ट्रहरुको अबस्था देखेसुनेको हुँदा म चाहन्छु त्यस्तो अवस्था कहीं पनि नआओस् । त्यसमा पनि अहिंसाका प्रतिमूर्ति महात्मा गान्धीको अस्तु बिसर्जन गरिएको देशमा त झनै नआओस् र युगान्डा अफ्रिकाको मोतीको रुपमा संधै चम्किरहोस् । यस्तै सोच्दै थिएँ ... हवाइजहाजले विमानस्थलको रन वे छोएको आबाजले म झसङ्ग भएँ । मेरो गन्तब्य आइसकेको थियो ।